**Higher School Certificate (HSC) minimum standard**

Information for parents and carers

# उच्च विद्यालय प्रमाणपत्र (HSC) न्यूनतम मापदण्ड

## अभिभावक तथा हेरचाहकर्ताहरूका लागि सूचना

प्रिय अभिभावक तथा हेरचाहकर्ताहरू

NSW शिक्षा मापदण्ड प्राधिकरण (NSW Education Standards Authority (NESA)) द्वारा उच्च विद्यालय प्रमाणपत्र (HSC) न्यूनतम मापदण्ड नीतिको कार्यान्वयनको अर्थ NSW मा विद्यार्थीहरूले उच्च विद्यालय प्रमाणपत्र (HSC) योग्यता प्राप्त गर्न साक्षरता र गणनाको न्यूनतम मापदण्ड पुरा हुनेगरी प्रदर्शन गर्नु आवश्यक छ भन्ने हो।

विद्यार्थीहरूले पठन, लेखन र गणना यी तीन विधाहरूमा HSC न्यूनतम मापदण्ड परीक्षाहरू बस्नेछन्। प्रत्येक अनलाइन परीक्षा ४५ मिनेट लामो हुन्छ र निम्नानुसार संरचित छ:

- पठन को लागि एउटा बहुवैकल्पिक परीक्षा;
- गणनाको लागि एउटा बहुवैकल्पिक परीक्षा; र
- लिखित वा दृश्य संकेतमा आधारित लेखन (५०० शब्दहरूसम्म) को लागि एउटा परीक्षा।

विद्यार्थीहरूले HSC न्यूनतम मापदण्ड पुरा गर्न सबै तीन विधाका परीक्षामा स्तर ३ वा ४ (Level 3 or 4) प्राप्त गर्न आवश्यक छ। यसको मतलब उक्त मापदण्ड प्रदर्शन गर्ने विद्यार्थीहरूसँग काम र थप अध्ययनका लागि दैनिक जीवनमा प्रयोग गरिने आधारभूत कार्यात्मक कौशलहरू छन्।

कक्षा १० देखि कक्षा १२ को अन्त्यसम्म, विद्यार्थीहरूसँग प्रत्येक वर्ष यी अनलाइन परीक्षाहरूमा बस्नको लागि धेरै अवसरहरू उपलब्ध हुन्छन्। प्रत्येक विधाको परीक्षा पुन: दिनुअघि बीचमा प्रतीक्षा अवधि हुन्छ।

विद्यार्थीहरूलाई HSC न्यूनतम मापदण्ड पूरा गर्न विद्यालयद्वारा मद्दत गरिनेछ। विद्यालयमा अभ्यास परीक्षाहरू उपलब्ध छन् र NESA को निम्न वेबसाइटमा  अनलाइन नमूना प्रश्नहरू उपलब्ध छन्: https://educationstandards.nsw.edu.au/wps/portal/nesa/11-12/hsc/hsc-minimum-standard/online-tests

यदि तपाईंलाई अधिक जानकारी चाहिएमा कृपया विद्यालयलाई सम्पर्क गर्नुहोस्।

यदि तपाईंलाई आफ्नो बच्चाका अतिरिक्त आवश्यकताहरू छन् र ऊ HSC न्यूनतम मापदण्ड परीक्षाको अतिरिक्त प्रावधानहरूको लागि योग्य हुनेछ भन्नेबारे विश्वस्त हुनुहुन्छ भने, कृपया निम्न विद्यालय सम्पर्क व्यक्तिलाई फोन गर्नुहोस्:

विद्यालय सम्पर्क व्यक्तिको नाम

विद्यालय सम्पर्क व्यक्तिको फोन नम्बर

भवदीय

प्रिन्सिपल

विद्यालयको नाम

### टेलिफोन दोभाषे सेवा (Telephone Interpreter Service)

यदि तपाईंलाई विद्यालयमा सम्पर्क गर्न मद्दत गर्न दोभाषे चाहिएको छ भने, कृपया 131 450 मा टेलिफोन दोभाषे सेवामा फोन गर्नुहोस् र तपाईंको भाषाको दोभाषे माग्नुहोस्। अपरेटरलाई तपाईंले फोन गर्न चाहनुभएको फोन नम्बर बताउनुहोस् र अपरेटरले तपाईंलाई कुराकानीमा सहयोग गर्न लाइनमा एक दोभाषे उपलब्ध गराउने छन्। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्नेछैन।

NSW GOVERNMENT